# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

1969 to 2029 ECHO OF HIS CALL SINCE 1969

*India's National Spiritual Newspaper*

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKOTA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXVI | YEAR OF OUR LORD JESUS CHRIST, 2026 JULY | No. 07


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

**भजनसंग्रह ३:१-८**

१. हे परमप्रभु, मेरा शत्रुहरू कति धेरै छन्। मेरो विरुद्धमा उठ्नेहरू धेरै छन्।

२. मेरो विषयमा धेरैले भनिरहेछन्, परमेश्वरले त्यसलाई सहायता गर्नुहुनेछैन। सेला

३. तर हे परमेश्वर, तपाईं मेरो वरिपरि एक ढाल हुनुहुन्छ, तपाईं मेरो गौरव र मेरो शिर उच्च पारिदिने हुनुहुन्छ।

४. म चर्को सोरले परमप्रभुमा पुकार गर्दछु र उहाँले आफ्नो पवित्र पर्वतबाट मलाई जवाफ दिनुहुन्छ।

५. म पल्टन्छु र निदाइहाल्छु, म फेरि बिउँझन्छु किनभने परमप्रभुले नै मलाई सम्हाल्नुहुन्छ।

६. मेरो विरुद्धमा मेरा चारैतिर घेरा हाल्ने दशौं हजार शत्रुहरूसँग पनि म डराउनेछैनँ।

७. हे परमप्रभु, उठ्नुहोस्। हे मेरा परमेश्वर, मलाई बचाउनुहोस्। मेरा सबै शत्रुहरूका गालामा चड्काउनुहोस्। दुष्टहरूका दाँत भाँचिदिनुहोस्।

८. छुटकारा परमप्रभुबाट आउँछ। तपाईंको आशिर्वाद तपाईंका प्रजामाथि रहोस्।

# हाम्रो प्रभु येशू ख्रीष्टले हामीले देख्न सक्नेभन्दा टाढा काम गर्न सक्नुहुन्छ।

## Our Lord Jesus Christ Can Work Beyond What You Can See!


बहिनी एन्जलीन




**बोलावटको प्रतिध्वनि सेवकाइहरूका** फैलिएर रहेका सम्पूर्ण सदस्यहरूमा, हाम्रो प्रभु र मुक्तिदाता, येशू ख्रीष्टको अमूल्य नाउँमा अभिवादन। परमेश्वरको अनुग्रहद्वारा, उहाँले हामीलाई २०२६ को दोस्रो आधा वर्षमा कदम राख्न विश्वासयोग्यपूर्वक सक्षम बनाउनुभएको छ। म प्रार्थना गर्दछु कि उहाँको शान्ति, सान्त्वना, प्रशस्त निगाहा र अनुग्रह तपाईंमध्ये हरेकमाथि रहोस्।

एफिसीको पत्र ३:२० सधैं बाइबलमा भएको मेरो मन पर्ने पदहरूमध्ये एउटा हो।

**उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ।**

हाम्रो प्रभु येशू ख्रीष्ट यस्तो शक्तिशाली हुनुहुन्छ कि उहाँले हाम्रा सम्पूर्ण अपेक्षाहरू भन्दा धेरै गर्नुहुन्छ। हामीले देख्न वा कल्पना पनि गर्न नसक्ने कुरा उहाँले पूरा गर्न सक्षम हुनुहुन्छ। हाम्रो विरुद्धमा काम गर्ने अवस्थाहरूलाई हाम्रो पक्षमा आशिष्मा परिणत गर्न सक्नुहुन्छ।


बाँकी पृष्ठ ३ मा



बोलावटको प्रतिध्वनि

ख्रीष्टियान यूट्युब च्यानल



हरेक दिन २ मिनेट सन्देश

पा. एस. साम सेल्भाराजबाट

अंग्रेजी, हिन्दी भाषामा: बिहान १ बजे

तामिल र तेलगू भाषामा: बिहान २ बजे

र

तामिल र अंग्रेजी भाषामा सन्देश र प्रार्थना

आइतबार बिहान ८:३० बजे र साँझ ६:०० बजे

तपाईं आशिषित हुनुभएको छ भने कृपया सस्क्राइब गरिदिनुहोला। तपाईंले प्रेम र वास्ता गर्नुभएकासँग सेयर गरिदिनुहोला।

बोलावटको प्रतिध्वनि - (Marching towards 60th year)
Estd. 1969



## तपाईंको प्रिय भाइबाट....



### हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Dr. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM, MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.

EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call

**तपाईंले मेरो विलापलाई नाचमा परिवर्तन गर्नुभयो...** (भजनसंग्रह ३०:११) ।

प्रभुमा प्रियहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा तपाईंलाई अभिवादन ।

**येशू ख्रीष्ट आफैंलाई पहिले नै बताउनुभएको थियो कि लडाईं, लडाईंका हल्लाहरू, द्वन्द्वहरू, अनिकाल, महामारी, भूकम्पहरू, विश्वासीहरूका विरुद्धमा सतावट, हत्या, डाह, झुटा अगमवक्ताहरू र व्यवस्थाहीनताको वृद्धि अन्तिम दिनका चिन्ह हुनेछन्** (मत्ती २४:३-१२) । आजको संसारमा यी घटनाहरू हुँदै गर्दा हामीले साक्षी बन्दै गर्दा, हामीलाई आकस्मिकताको बारेमा सम्झाइएको छ ।

त्यसकारण, जब हामीसँग अझै अवसर हुन्छ, पवित्रशास्त्रको जोडलाई हामीले विश्वासयोग्यपूर्वक पालन गरौं:

**वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा र शिक्षा दिने कुरामा नचुक** (२ तिमोथी ४:२) ।

यो ईश्वरीय जिम्मेवारीको बारेमा हामी सावधान हुनुपर्छ ।

परमेश्वरको अनुग्रहद्वारा, हाम्रा सम्पूर्ण सेवकाइमा हामीले निरन्तर उहाँको प्रशस्त आशिष् अनुभव गरेका छौं र यति धेरै सेवकाइहरू एकै साथमा कसरी सम्भव भइरहेका छन् भनेर धेरैले अचम्म मान्छन् । तापनि परमेश्वरले दिनुभएको शक्ति र अनुग्रहद्वारा कुनै पनि जिम्मेवारी कुनै लापरवाहीबिना हामीलाई दिइएको हरेक सेवकाइ पूरा गर्न हामी सक्षम भएका छौं । उहाँलाई मात्रै सम्पूर्ण महिमा होस् ।

हामी यो कुरा बाँड्न अत्यन्तै खुसी छौं, परमेश्वरको अनुग्रहद्वारा **सेन्ट पावलस् मैट्रिकुलेसन स्कूल र** चेपकाउ र सन्थोसापूरममा भएको **नहेम्याह कलेजहरूले** आफ्नो तामिल कक्षाहरू १ जूनमा र हिन्दी कक्षाहरू ६ जुलाइमा पुनः सुरु गर्नेछ । यसका अतिरिक्त, **नहेम्याह बाइबल कलेजहरूको** दीक्षान्त समारोह ४ जुलाइ २०२६ मा सञ्चालन हुनेछ ।

प्रायः हामी धेरै जिम्मेवारीहरू र गरुंगो कामको बोझमा भए पनि परमेश्वरले हाम्रा जिम्मेवारीहरू सफलतापूर्वक पूरा गर्न हामीलाई निरन्तर बलियो बनाउनुभएको छ ।

यी सेवकाइहरूलाई प्रभावकारी रूपमा अघि बढाउन हामीलाई दूरदर्शी, विश्वासयोग्य र समर्पित कर्मचारीहरूको आवश्यकता हुन्छ । अंग्रेजी र हिन्दीमा बोल्न सक्ने सहायक प्रधानाध्यापकहरू, शिक्षकहरू, व्यवस्थापकहरू, सचिवहरू, कार्यालय कर्मचारीहरू, छापाखानाका कर्मचारीहरू, कार्यालय सहायकहरू, हाउसकिपिङ कर्मचारीहरू, महिला कुकहरू, सुरक्षाकर्मीहरू, चालकहरू र सेवकाइको निम्ति विशेष बोलावट भएका पास्टरहरूका निम्ति हामी आवेदनहरू र प्रार्थनाको निम्तो गर्दछौं ।

जसै परमप्रभुले पठाउनुहुन्छ, हामीले धेरैभन्दा धेरै इमानदार र सक्षम व्यक्तिहरूलाई भर्ना गर्न र सहायता गर्न तयार भएका छौं । परमेश्वरले आफ्नो कामको निम्ति सही मानिस ल्याउनुभएको होस् भनेर कृपया प्रार्थना गरिदिनुहोला ।

***फसल प्रशस्त छ तर खेतालाहरू थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेऊन्*** (मत्ती ९:३७-३८) ।

दीक्षान्त समारोह र अर्को शैक्षिक सत्र २०२६-२०२७ का बारेमा छलफल गर्न **नहेम्याह बाइबल कलेजहरूका** संकाय बैठक १६-०५-२०२६ मा बसेको थियो ।



***Some of the students who will be graduating from the Nehemiah Bible Colleges on 04-07-2026.***

परमप्रभुलाई विश्वासयोग्यपूर्वक, इमानदार र परमेश्वरको भयमा सेवा गर्न हामीले संघर्ष गरिरहँदा तपाईंको निरन्तरको प्रार्थना र सहायताको निम्ति हामी विनम्रतापूर्वक आग्रह गर्दछौं ।

तपाईं र तपाईंको परिवारका निम्ति हाम्रा प्रार्थनामा कृपया विश्वस्त रहनुहोस् कि महिमामा उहाँको प्रशस्तताअनुसार तपाईंका सम्पूर्ण खाँचो पूरा होऊन् ।

तपाईं सबैसँग अनुग्रह रहोस् । आमेन ।

ख्रीष्ट येशूमा तपाईंको सेवक,
*पा. एस. साम सेल्भाराज,*
इमेल: sam@echoofhiscall.org

पृष्ठ १ बाट

विगतको महिनामा तपाईं कस्तो अवस्थाबाट गुज्रिनुभएको छ भनेर मलाई थाहा नहुन सक्छ तर म तपाईंलाई निश्चय दिलाउन चाहन्छु कि सबै थोक मिलेर भलाइ ल्याउन येशू ख्रीष्ट शक्तिशाली हुनुहुन्छ - तपाईंलाई निद्रारहित रात बनाउने कुराहरू पनि ।

हाग्गै २:६ मा हामीले पढ्छौं:

**सर्वशक्तिमान परमप्रभु यसो भन्नुहुन्छ, अब थोरै बेरपछि म फेरि आकास, पृथ्वी, समुद्र र सुख्खा जमिनलाई हल्लाउनेछु... ।**



***In a little while I will once more shake the heavens and the earth...***

आफ्नो उद्देश्य पूरा गर्न स्वर्ग र पृथ्वी हल्लाउन सक्ने परमेश्वर हुनुहुन्छ । के तपाईंले कल्पना गर्न सक्नुहुन्छ ? तपाईं र मेरो पक्षमा ब्रम्हाण्डका सृष्टिकर्ताले सबै थोक हल्लाउन सक्नुहुन्छ ।

प्रिय दाजुभाइ तथा दिदीबहिनी, हाम्रो जीवनमा परमेश्वरको बोलावट पूरा गर्नबाट प्राय: शैतानले हामीलाई अल्मल्याउँछ । हाम्रो ध्यान हटाउने र महत्वपूर्ण नभएका कुरामा हाम्रो ध्यान केन्द्रित गर्ने त्यसले बनाउँछ । यस्तो काम त्यसले कसरी गर्छ ? समस्याहरूलाई ल्याएर - दुवै आन्तरिक र बाह्य ।

जब परमेश्वरले हामीलाई बाहिरको लडाइँको सामना गर्न बोलाउनुहुन्छ, शैतानले भित्र समस्या सृजना गर्छ - हाम्रा परिवारहरूभित्र र मण्डलीभित्र - ताकि हामीले हाम्रो ध्यान गुमाऔं । बाहिरको आगोलाई निभाउनुको साटो, हामीले हाम्रो आफ्नै घरभत्रि भएको आगोसँग लडिरहेको हामीले पाउँछौं । हाम्रो आफ्नै परिवारका सदस्यहरू वा सँगी विश्वासीहरू शत्रुका रूपमा हेर्ने त्यसले हामीलाई छल गर्छ, जबकि साँचो शत्रु गर्जने सिंहझैं बाहिर पर्खिरहेको हुन्छ ।

एज्राको पुस्तक र हाग्गैको पुस्तक दुवैले दासत्वको ७० वर्षपछि, इस्राएलीहरूले कसरी


# अत्यन्तै जरुरी सूचना




**हाम्रो ठेगाना:**

निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहायोगले हामीलाई सहायता गर्दछ ।

**बोलावटको प्रतिध्वनि**
**10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India**
**Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org**



*When God calls us to confront battles outside the enemy creates disturbances within . . .*


परमेश्वरको इच्छा पूरा गर्न दुवै आन्तरिक र बाह्य चुनौतिहरूमाथि विजय हासिल गरेका थिए भनेर प्रदर्शन गरेको छ। यी संघर्षहरूबाट तिनीहरूले आफ्ना अपेक्षाभन्दा पनि पर परमेश्वरले काम गरिरहनुभएको साक्षी भएका थिए।

**बाह्य चुनौतिहरू (एज्रा अध्याय ५)**

मन्दिरको पुनःनिर्माणको समयमा मानिसहरूले गहन बाह्य दबावको सामना गरेका थिए:

☐ निरन्तरको गनगन र विरोध

☐ तिनीहरूका अधिकारको बारेमा छिमेकी अधिकारीहरूबाट दबावमूलक परीक्षण



*The people faced intense external pressure during the rebuilding of the temple*

☐ राजनैतिक छानबिन, किनकि राजा कोरेसको ऐनलाई राजा दाराले छानबिन गरेका थिए

आन्तरिक चुनौतिहरू (हाग्गै)

सोही समयमा तिनीहरूले आन्तरिक संघर्षको सामना गरेका थिए:

☐ पुरानो मन्दिरसँग निरन्तर तुलना

☐ निरासा, भय र निरुत्सामा परिणाम

के यो चिरपरिचितजस्तो लाग्छ ?



*Political scrutiny, as King Darius investigated the decree of King Cyrus*

☐ जब हामीले परमेश्वरतिर कदम बढाउँछौं

☐ जब हामीले उहाँलाई प्रसन्न पार्ने जीवन जिउने छनोट गर्छौं

☐ जब हाम्रो जीवनमा उहाँको बोलावट पूरा गर्न संघर्ष गर्छौं

के हामीले यस्तै आन्तरिक र बाह्य दबावको सामना गरेका छैनौं ?

यस्ता खल्बल्याउने कुरा भए पनि निरन्तर अगाडि बढिरहने हामीमध्ये कति जना छौं ? अनि परमेश्वरले दिनुभएको सपना र बोलावटमा हामीमध्ये कति जनाले हरेस खाएका छौं ?

आज, परमेश्वरले हामीलाई सम्झाइरहनुभएको छ: हाम्रो जीवनमा उहाँको उद्देश्य पूरा गर्न सम्पूर्ण संसारलाई हल्लाउन सक्ने परमेश्वरको सेवा हामीले गर्छौं । प्रश्नचाहिँ एउटै छ - के हामीले चाहना गर्छौं ?

## १. आन्तरिक रूपमा सामना गर्ने चुनौतिहरू

जब इस्राएलीहरूले मन्दिर पुनःनिर्माण गर्न सुरु गरे, तिनीहरूले तुलना गर्ने आत्मासँग संघर्ष गरे । उमेर, लिंग वा राष्ट्रियतामध्ये जे भए पनि हामी सबैले यसलाई केही हदसम्म सामना गरेका छौं - प्रायः हामीले यसलाई महसुस नगरीकनै ।

हामीले आफ्नो जीवन अरूसँग तुलना गर्छौं: हाम्रा घर, सवारीसाधन, जागिर, तलब, पति वा पत्नी, शिक्षा, छोराछोरी - हाम्रा सेवकाइ र बोलावटलाई पनि। त्यसो गर्दा परमेश्वरको ईश्वरीय योजनाको भागको रूपमा परमेश्वरले हामी हरेकलाई कसरी अद्वितीय रूपमा सृष्टि गर्नुभयो भनेर पहिचान गर्न हामी असफल हुन्छौं ।

बाह्य शत्रुहरूको सामना गर्नुअघि इस्राएलीहरूले आफैंभित्र भइरहेको लडाइँसँग सामना गर्नुपरेको थियो । तिनीहरूले आफ्ना काम र परमेश्वरले तिनीहरूका निम्ति पहिले



*We compare our lives with others*

नै गर्नुभएका कामलाई नजरअन्दाज गर्दै नयाँ मन्दिरलाई पुरानो मन्दिरसँग तुलना गरेका थिए - दासत्वबाट तिनीहरूलाई ल्याइएको र कोरेस र दाराजस्ता मूर्तिपूजक राजाबाट तिनीहरूका निम्ति निगाह प्राप्त गर्दै । यस कुराले गर्दा तिनीहरूले परमेश्वरको अचम्मको काम बिर्साएको थियो । जब हामीले तुलना गर्छौं, हामी कृतघ्न बन्छौं । यसले हामीलाई निरासा, निरुत्साह र भावनात्मक चिन्तामा लैजान्छ ।

**तिमीहरूमध्ये अब यहाँ को बाँकी छ, जसले यो भवनको अघिको महिमा देखेको थियो ? अहिले तिमीहरूलाई यो कस्तो देखिन्छ ?...** (हाग्गै २:३) ।

☐ नयाँ मन्दिर सानो देखिएको थियो

☐ स्रोतहरू सीमित थियो

बाँकी पृष्ठ ६ मा

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्‍न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

**PRAISE & PRAYER POINTS - From July 19, 2026 To August 18, 2026**

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## परमेश्वरलाई प्रशंसा गरौं...

जूलाइ १९: हाम्रा सम्पूर्ण सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरुलाई दिनुभएको आशिष्को निम्ति ।

जूलाइ २०: हाम्रो मुख्य मण्डलीमा नयाँ विश्वासीहरू थपिदिनुभएको निम्ति ।

जूलाइ २१: हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजका** कोर्सहरुका निम्ति नयाँ विद्यार्थीहरू पाउन हामीलाई अनुग्रहपूर्वक सहायता गरिरहनुभएको निम्ति ।

जूलाइ २२: हाम्रो **ग्लोबल भिजन फर युथ एण्ड किड केयर सेवकाइमा** आशिष्को निम्ति ।

जूलाइ २३: सुसमाचार नपुगेका क्षेत्रहरूमा सुसमाचार फैलाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

जूलाइ २४: हाम्रो मिसन कर्मचारीहरूले देखाएका महान् समर्पणताको निम्ति ।

जूलाइ २५: १९६९ देखि हाम्रो समाचारपत्र सेवकाइमाथि उहाँको प्रशस्त आशिष्को निम्ति ।

जूलाइ २६: बालाजी नगर, सन्थोसापूरम र भेलाचेरीमा भएको हाम्रो आइतवारको सेवाहरूमा सहभागी भइरहेका नयाँ विश्वासीहरूका निम्ति ।

जूलाइ २७ हाम्रो यूट्यूब सेवकाइमाथि आशिष्को निम्ति, विशेष गरी ५ मिनेट सन्देशहरू सुसमाचार नसुनेका मानिसहरूमा पुन्याउन ।

जूलाइ २८: प्रभावकारी कर्मचारीहरूबाट हाम्रो सुसमाचार छापाखाना र यसको निरन्तर संचालनको निम्ति ।

जूलाइ २९: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह कलेजहरू र ईश्वरशास्त्रीय पत्राचार कोर्सका** सम्पूर्ण क्रियाकलापहरूका निम्ति ।

जूलाइ ३०: हाम्रा प्रान्तीय संयोजकहरू र उहाँहरूका संगतिमा आशिष्को निम्ति ।

जूलाइ ३१: हाम्रा देशहरूमाथि सुरक्षाको निम्ति ।

अगस्त १: पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारमाथि प्रशस्त आशिष्को निम्ति।

अगस्त २: आफ्नो प्रार्थना र विश्वासयोग्य सहायता दिने हाम्रा सहयोगीहरूमाथि आशिष्को निम्ति ।

अगस्त ३: हाम्रा कर्मचारीहरूका परिवारहरूमाथि उहाँको आशिष् खन्याउनुभएको निम्ति ।

## कृपया प्रार्थना गरौं...

अगस्त ४: सुसमाचार नपुगेका स्थानहरूमा सुसमाचार फैलाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

अगस्त ५: सम्पूर्ण धर्मका मानिसहरूका बीचमा एकता र समृद्धिको निम्ति ।

अगस्त ६: परमेश्वरको अघि सम्पूर्ण देशहरूका बीचमा इमानदारीताको निम्ति ।

अगस्त ७ संसारभरि शान्ति छाएको होस् ।

अगस्त ८: सम्पूर्ण ख्रीष्टियान संस्थाहरू र सेवकाइहरूका निम्ति ।

अगस्त ९: हामी ५८ वर्षको सेवकाइमा हामी प्रवेश गर्दैगर्दा परमेश्वरको आशिष्को निम्ति ।

अगस्त १०: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराजका योजनाहरूमाथि परमेश्वरको अगुवाइ र आशिष्को निम्ति ।

अगस्त ११: हाम्रो मिसन क्षेत्रमा काम गरिरहेका कर्मचारीहरूका निम्ति ।

अगस्त १२: आफ्नो जीवनी लेख्न हाम्रो सिनियर पास्टरको सफलताको निम्ति ।

अगस्त १३: रूस र यूक्रेन बीचको लडाइँ अन्त्यको निम्ति ।

अगस्त १४: संसारभरि रहिरहने शान्तिको निम्ति ।

अगस्त १५: हाम्रा संयोजकहरू र पास्टरहरूका निम्ति नयाँ शक्ति र उत्साहको निम्ति ।

अगस्त १६: शैतानको दुष्ट कामको विनाशको लागि, जसले परिवारहरू विभाजन गर्ने कोसिस गर्दछ ।

अगस्त १७ **भेकेसन बाइबल स्कुल** (भिबिएस) को समयमा येशू ख्रीष्टको प्रेमद्वारा छोइएका सैयौं बालबालिकाहरूका निम्ति, तिनीहरू निरन्तर प्रभुमा स्थिर रहून् र विश्वासयोग्यपूर्वक मण्डलीमा सहभागी हुन ।

अगस्त १८: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारलाई हरेक दुष्ट शक्तिबाट परमेश्वरको सुरक्षाको निम्ति ।

पृष्ठ ४ बाट

☐ सोलोमनको मन्दिरको महान्ताले तिमीहरूका वर्तमान कामलाई कम देखाएको थियो ।



*Who of you is left who saw this house in its former glory?*

☐ पहिले विनाश भएको मन्दिरलाई मानिसहरूले पुन:निर्माण गरिरहेका छन् । तिनीहरूले दुई वटा आवाज सुनेका थिए भनेर बाइबलले भन्दछ

१. पहिलो मन्दिर देखेकाहरूका आवाज - शोक र पीडाको पुकारा किनकि तिनीहरूले वर्षौं अघि देखेका महिमालाई वर्तमान संरचनासँग तुलना गरेका थिए ।

२. वर्तमान पुस्ताको आवाज, तिनीहरूका महत्वपूर्ण उपलब्धीमाथि आनन्दको साथमा चिच्याइरहेका । पुरानोभन्दा पछिको अझ राम्रो भए पनि त्यो शोकको आवाज थियो, जुन अझ महत्वपूर्ण रूपमा गुन्जिएको थियो । तापनि, निरुत्साहको आवाज अझ चर्को थियो ।

तापनि एज्राको पुस्तक ६ अध्यायले गहन सत्यता प्रकट गर्दछ, अघिल्लो मन्दिरमा सोलोमनको सम्पत्ति थियो तर अहिलेकोमा परमेश्वरको महान् उद्देश्य थियो ।

☐ मूर्तिपूजक राजाहरूबाट अनपेक्षित उपलब्धता आएको थियो

☐ ईश्वरीय अधिकारको अधीनमा काम पुरा भएको थियो ।

☐ राजाले सुरक्षा प्रदान गरेका थिए

☐ आराधना पुनर्स्थापित भएको थियो

☐ शान्ति र स्थिरता फर्किएको थियो

**यस भवनका पछिको महिमा अघिको भन्दा अझ बढ्ता हुनेछ भनी सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ...** (हाग्गै २:९) ।



*The glory of this present house will be greater than the glory of the former house," says the LORD Almighty*

यो महान् महिमाको कुनै आकार वा सुनको बारेमा थिएन । यो त यसको बारेमा थियो:

☐ कठिनाइमा परमेश्वरको विश्वासयोग्यता

☐ नम्र र आज्ञाकारी मानिसहरूका बीचमा उहाँको उपस्थिति

☐ अनि सबैभन्दा महत्वपूर्ण, येशू ख्रीष्ट आफैंले यो भवनमा पछि भ्रमण गर्नुहुनेथियो भन्ने तथ्य

परमेश्वरको कामलाई स्वीकार गर्नबाट तुलनाले तिनीहरूलाई अन्धो बनाएको थियो - तर आफ्नो कृपामा, परमेश्वरले हामीलाई उचाल्न सही समयमा उत्साह पठाउनुभयो । बलियो हुनुहोस् ।

हाग्गै २:४ मा परमेश्वर अगमवक्ताबाट बोल्नुहुन्छ

**अब हे यरुबाबेल, साहस गर्...**

**हे यहोसादाकको छोरो प्रधान पूजाहारी यहोशू, साहस गर् ।**

**साहस गर... काम सुरु गर । किनकि म तिमीहरूका साथमा छु...**

**... तीन पटक, परमेश्वरले साहस गर्न आज्ञा गर्नुहुन्छ - उहाँको उपस्थितिको बारेमा तिनीहरूलाई पुन:निश्चित गर्दै - मेरो आत्मक तिमीहरूका बीचमा हुन्छ, नडराओ** (हाग्गै २:५) ।

आज, परमेश्वरले भनिरहनुभएको छ साहस गर । तिमी जे कुराबाट गुज्रिए पनि म तिमीसँग छु ।

☐ यही प्रतिज्ञा यहोशूलाई दिइएको छ - **खूबै साहसी हो, बलियो होओ किनकि**

बाँकी पृष्ठ ९ मा

नहेम्याह साँझको बाइबल कलेज
भर्नाको लागि छिट्टो गर्नुहोस् । चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ
ईश्वरशास्त्रमा डिप्लोमा & Bachelor of Theology
माध्यम: तामिल (Part Time)
Hindi (Part Time)
योग्यता: दश कक्षा र सोभन्दा माथि
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
विगत ५६ वर्षदेखि अन्तरराष्ट्रिय ख्रीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikaans.
3. **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Branch Churches: Santhoshapuram, Balaji Nagar & Velachery
7. Great Commission Partners (Network of Pastors)
8. Training Programmes – Seminars & Retreats
9. Crusades
10. Literature Distribution and Follow Up
11. Gospel Printing Press - Publications
12. St. Paul's Matriculation School - Village English High School
13. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
14. **Early Morning Service : 5.30 a.m. Sunday**
15. **Preliminary Service : 8.00 a.m. Sunday**
16. **Tamil Service : 8.30 a.m. Sunday**
17. **Youth Meeting : 11.00 a.m. Sunday**
18. **Fellowship Lunch : 1.00 p.m. Sunday**
19. **Telugu Service : 4.00 p.m. Sunday**
20. **Hindi Service : 5.00 p.m. Sunday**
21. **Tamil & English Service : 6.00 p.m. Sunday**
22. Feedback Time : 7.30 p.m. Sunday
23. Women's Prayer : 5.30 p.m. Wednesday
24. Hindi Prayer : 7.00 p.m. Wednesday
25. Men's Prayer : 7.30 p.m. Friday
26. Discipleship Meeting : 6.00 p.m. Saturday
27. House Meetings : 6.30 p.m. Tuesday & Thursday
28. Special Holy Communion : 6.00 a.m. 1st day of each month
29. Ministers' Meeting : 5.30 p.m. First Saturday
30. Parents' Prayer : 4.00 p.m. First Sunday
31. Night Prayer : 9.30 p.m. Third Friday
32. Fasting Prayer : 9:30 a.m. Second Saturday
33. Holy Communion : Second Sunday Service
34. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
35. Staff Devotion : 9.00 a.m. daily
36. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहृखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, **Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईंले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/ चेकहरू/ मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

### "जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५) ।

## हाम्रा मण्डलीहरुमा हामीलाई यस्ता बलिया स्तम्भको आवश्यकता छ ।

### जसले जित्छ, त्यसलाई म मेरा परमेश्वरका मन्दिरको एउटा स्तम्भ बनाउनेछु... (प्रकाश ३:१२) ।



मेरा सुरुका दिनहरूमा स्वर्गीय पास्टर जी. सुन्दरमले पास्टरीय सेवा गर्नुभएको चेन्नाइमा भएको अपोस्टोलिक ख्रीष्टियान एसेम्बली मण्डलीमा म बलियो गरी रहेको थिएँ । उहाँ बलियो आत्मिक अगुवा हुनुहुन्थ्यो, जसले आफ्नो परमेश्वरलाई मनपर्दो जीवन, शक्तिशाली प्रचार र विश्वासयोग्य तालिमबाट परमेश्वरको राज्यको निम्ति हजारौं सेवकहरू खडा गर्नुभएको थियो । उहाँमा अभूतपूर्व स्मृति पनि थियो र आइतवारको सेवामा विश्वासयोग्यपूर्वक सहभागी हुने र अनुपस्थित हुनेलाई सजिलै चिन्न सक्नुहुन्थ्यो ।

उहाँको नेतृत्वमा काम गर्ने धेरै विश्वासयोग्य कर्मचारीहरूमध्ये तीन जना महत्वपूर्ण परमेश्वरका जन हुनुहुन्थ्यो: प्रान्तीय सरकारका कर्मचारी स्वर्गीय भाइ टि. सेल्भाराज, रेल्वे विभागबाट स्वर्गीय भाइ भिक्टोर स्वामिदोस र कोर्ले हाइ स्कुलका जयकुमार भनेर पनि चिनिने स्वर्गीय भाइ एल. एम जेयामोहन ।



धेरै जवान मानिसहरूझैं, मेरो सरकारी जिम्मेवारीहरूका कारण मैले मण्डलीमा सहभागी हुन नसक्ने धेरै अवसरहरू थिए । त्यस्ता समयमा, यी समर्पित परमेश्वरका सेवकहरूले पुलिस अफिसरको ध्यानको साथमा मलाई निरन्तर पछ्याउँथे, मलाई मेरो काम गर्ने स्थानमा, क्यान्टिनमा र अन्य स्थानमा भेट्थे । उहाँहरूले प्रेमको साथमा मलाई परामर्श दिनुहुन्थ्यो र मण्डली विश्वासयोग्यपूर्वक सहभागी हुँदाको महत्व र आशिष्को बारेमा र मण्डलीका हरेक क्रियाकलापहरूमा सक्रिय सहभागी हुन सिकाउनुहुन्थ्यो ।

मलाई सही आत्मिक मार्गमा राख्न उहाँहरूले आफ्नो समय, पैसा र शक्ति इच्छापूर्वक खर्च गर्नुहुन्थ्यो । मेरो आत्मिक जीवन निर्माण गर्न उहाँहरूको परिश्रम र समर्पणले महत्वपूर्ण भूमिका खेलेको थियो भनेर म आत्मविश्वासको साथमा गवाही दिन सक्छु । उहाँहरू केही कुराहरूमा कडा भए पनि उहाँहरू धैर्य गर्ने, करुणा गर्ने र मजस्ता जवान विश्वासीहरूलाई चेलापनमा हुर्काउन गहन समर्पित हुनुहुन्थ्यो ।

पछि, जब परमप्रभुले **बोलावटको प्रतिध्वनि सेवकाइहरूलाई** अनुग्रहपूर्वक आशिष् दिनुभयो, यी मानिसहरूले पिताको प्रेमको साथमा आफ्नो सहयोगी हात बढाउनुभयो । उहाँहरूले नियमित रूपमा प्रचार र विशेष बैठकद्वारा हाम्रा मण्डलीहरूमा सेवकाइ गर्नुभयो । उहाँहरूले मेरो जीवन मात्रै होइन तर हजारौं पुरुष र महिलाको जीवनमा पनि अनन्त प्रभाव पार्नुभएको थियो भनेर म विश्वास गर्दछु ।

उहाँहरूको अगुवाइको अधीनमा बनिएका र हुर्काइएकाहरू मण्डली र पास्टर दुवैप्रति जिम्मेवार रहन तालिम पाएका थिए । उहाँहरूले व्यक्तिगत पहिचानको निम्ति परिश्रम गर्नुभएको थिएन तर परमेश्वरको महिमाको निम्ति मात्रै । उहाँहरूको स्मृति र उहाँका सन्तानलाई प्रभुले प्रशस्त आशिष् देऊन् ।



आज पनि परमेश्वरले यस्ता उच्च रूपमा समर्पित निःस्वार्थी र विश्वासयोग्य पुरुष र महिलालाई पुनः खडा गरून् भन्ने मेरो इमानदार प्रार्थना हो ।

*************

पृष्ठ ६ बाट

**परमप्रभु तेरो साथमा हुनुहुन्छ** (यहोशू १:९) ।

☐ सोही निश्चयता यशैया ४१:१० मा दिइएको छ - **नडराओ, म तिमीसँग छु, म मेरो दाहिने हातले तँलाई सम्हाल्नेछु ।**

जब हामीले तुलना गर्छौं, निरुत्साह र भयले पछ्याउनेछ। हामीले आफैंलाई अरूसँग तुलना गर्न रोक्नुपर्छ । हामीसँग स्वर्गीय बोलावट छ ।



*I will hold your right hand and uphold you.*

## २. बाह्य रूपमा सामना गरिएका चुनौतिहरू

आन्तरिक संघर्षहरू सम्बोधन गरिसकेपछि, इस्राएलीहरूले आफ्ना धार्मिक अधिकारीहरूबाट बाह्य विरोधको सामना गरे: यो मन्दिर निर्माण गर्न र यो पर्खाल पूरा गर्न तिमीलाई कसले आज्ञा दियो ?

विरोधको अर्थ परमेश्वरले हामीलाई त्याग्नुभएको छ भन्ने होइन। जब परमेश्वरले हाम्रो पक्षमा साँचो रूपमा काम गर्नुहुन्छ र जब कहिलेकाहीं उहाँको इच्छासँग केही कुरा मिल्दैन, तब यी कुरा पहिचान गर्न हामीलाई आत्मिक छुट्याउने कुराको आवश्यक हुन्छ। उहाँको राज्यको विस्तारको निम्ति हामीले सामना गर्ने हरेक अवरोध परमेश्वरले प्रयोग गर्न सक्नुहुन्छ, विशेष गरी जब हामी उहाँको इच्छाप्रति आज्ञाकारीतामा हिँड्छौं ।

☐ दाऊदले गोल्यतको सामना गरे

☐ नहेम्याहले सन्बलत र तोबियाको सामना गरे

☐ पावलले यहूदी विरोधीहरूबाट सतावटको सामना गरे

☐ सुरुका ख्रीष्टियानहरूले हरेक स्थानमा विरोधको सामना गरे ।

☐ तापनि, यी सबै अवस्थाहरूमा परमेश्वरको नाउँ महिमित भएको थियो ।

त्यसै गरी, यो अध्यायमा हामीले विरोध वृद्धि भइरहेको देख्छौं । खरानीबाट मन्दिरलाई पुनःनिर्माण गर्न मानिसहरूले आफ्ना जागिर, परिवार र आरामदायी जीवन छोडेका थिए । तिनीहरूले ठूलो बलिदान गरेका थिए। तापनि, प्रशंसा प्राप्त गर्नको साटो तिनीहरूले आलोचना पाए - उत्साहको साटो गुनासोको पत्रहरू, अनि तिनीहरूका कामलाई निरन्तर चुनौति भएको थियो ।

मानिसहरूबाट प्रशंसाको अपेक्षा नगर्नुहोस्, परमेश्वर आफैं तपाईंलाई इनाम दिने हुनुहुन्छ । उहाँको इच्छा विश्वासयोग्यपूर्वक निरन्तर गर्नुहोस् ।

प्रिय मित्रहरू, जब तपाईंले विरोधको सामना गर्नुहुन्छ, नडराउनुहोस् । तर तिनीहरूका परमेश्वरको नजर यहूदी एल्डरहरूमाथि थियो । हाम्रो परमप्रभुका आँखा आज पनि हामीमाथि छन् । यो तपाईंको निम्ति वचन हुन सक्छ: तपाईंको विरुद्धमा हतियार बनाइन सक्छ तर ती समृद्ध हुनेछैनन् । आरोप आउन सक्छ तर ती खडा हुनेछैनन् ।

परमेश्वरले के गर्नुभयो ?

जब उहाँले लडाइँ लड्नुभयो, **उहाँले स्वर्ग र पृथ्वी हल्लाउनुहुनेछ** (हाग्गै २:२१) । आफ्नो पक्षमा काम गर्न ब्रम्हाण्डमा भएका सबै थोकलाई उहाँले चलाउनुहुनेछ ।

जब हरेक थोक तिनीहरूका विरुद्धमा देखिएको थियो, हामीले एज्रा ६:१२ मा पढ्छौं, म दारा राजाले यो उर्दी निकालेको हुँ । त्यो अक्षरशः पूरा गरिओस् ।

तिनीहरूका विरुद्धमा गुनासोहरू प्राप्त गर्ने राजाले अब बिना कुनै हस्तक्षेप काम पूरा गर्ने आदेश दिँदै उर्दी जारी गरे ।

☐ **तिनले आधिकारीक रूपमा पुनःनिर्माणलाई पुनर्निश्यत गरे: परमेश्वरको यो भरमा काम गर्न देओ** (एज्रा ६:७) ।

☐ **राजकीय कोषबाट परियोजना पूर्णरूपमा सहायता गर्ने तिनले आज्ञा दिए** (एज्रा ६:८) ।

☐ **आराधनाको निम्ति आवश्यक सबै सामाग्री दिनहुँ उपलब्ध गराइएको थियो भनेर तिनले निश्चित गरे** (एज्रा ६:९-१०) ।

☐ **कामलाई रोक्ने कोसिस गर्ने जोकोहीका निम्ति गम्भीर जरिवानाको चेतावनी दिए** (एज्रा ६:११-१२) ।

राजा दाराको प्रतिक्रिया केवल सहयोगी थिएन - त्यो सुरक्षा दिने र उदारचित्तको थियो ।

मानिसहरूले अपेक्षा गरेभन्दा पनि टाढा विरोधको रूपमा सुरु भएको कुराले अन्त्यमा पुनःनिर्माणमा सहायता गर्ने कुरामा बल दिएको थियो ।

**जब परमेश्वरले आफ्नो उद्देश्य घोषणा गर्नुभयो** (हाग्गै २),

**त्यसलाई पूरा गर्न उहाँले मानवीय प्रणाली व्यवस्थापन गर्नुभयो** (एज्रा ६) ।

म प्रार्थना गर्दछु कि यो महिनामा तपाईंको विरुद्धमा बोलिएका हरेक नकारात्मक वचनलाई परमेश्वरले रद्द गर्नुहुनेछ र हानिको निम्ति विचार गरिएका हरेक योजना तपाईंको पक्षमा परिणत गर्नुहुनेछ । उहाँका मानिसहरूको जीवनमा उहाँको उद्देश्य पूरा गर्न उहाँले सम्पूर्ण प्रणालीलाई पुनर्व्यवस्थापन गर्न सक्नुहुन्छ भने उहाँले निश्चय नै आज तपाईंको जीवनमा त्यही गर्न सक्नुहुन्छ। उहाँका आँखाले तपाईंलाई हेरिरहेका छन् ।

हामीले केवल उहाँमा भरोसा गर्नु जरुरी हुन्छ । क्रूसमा प्रदर्शन गरिएको उहाँको प्रेम नाप्न सकिँदैन । येशू ख्रीष्ट मर्नुभयो ताकि हामीले विजयी जीवन पाउन सकौं ।

त्यसैले, तपाईंको भरोसा सृष्टिकर्तामा राख्नुहोस् ।

### सूचना

तपाईंको मोबाइलमा हाम्रा नम्बरहरू (+91) 98410 71858, (+91) 98412 71858 (मुख्य नम्बर) सेभ गर्नुहोला ।

**सम्पादक**

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

## OUR QR CODE:

ECHO OF HIS CALL

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

E.mail : sam@echoofhiscall.org

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :
**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS Patrika Channel"
on 16th JULY 2026.

If un-delivered please return to:
**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

## *JESUS LOVES YOU!*

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**